नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(......मं.प.समिति..तथा..सं.निकाय..शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्या : ४२/ ०७३
च.नं. : २४५७

मिति : २०७३।०७।२४

श्री सचिवज्यू,
स्वास्थ्य मन्त्रालय।

मिति २०७३।०७।२४ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु -

स्वास्थ्य मन्त्रालय अन्तर्गतका सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ स्वीकृत गर्ने र स्वास्थ्य मन्त्रालय अन्तर्गतका विकास समितिमा पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ स्वीकृत गर्ने विषयको स्वास्थ्य मन्त्रालयको प्रस्ताव नं क्रमशः ३१।३८-०७३।७।४ मं.प.वै.सं ३७-०७३ मिति २०७३।७।०५ र ३१।४०-०७३।७।१२ मं.प.वै.सं ३९-०७३ मिति २०७३।७।१९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा प्रस्तावसाथ प्रस्तुत मापदण्डहरूको सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी एकिकृत गरेर परिमार्जन गरिएको यसैसाथ संलग्न "स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरूको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३" स्वीकृत गर्ने ।

(कमलशाली घिमिरे)
सचिव


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३

स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरु नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम"स्वास्थ्य मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३"रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"अख्तियारवाला"** भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्न वा तोक्न कानून बमोजिम अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्छ।

(ख) **"अस्पताल विकास समिति"** भन्नाले विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम गठित अनुसूची- १, २ र ३ मा उल्लिखित अस्पताल विकास समिति सम्झनु पर्छ ।

(ग) **"केन्द्रीय अस्पताल"** भन्नाले अनुसूची-१ मा उल्लेख भएकाविकास समितिसँग सम्बद्ध अस्पताल सम्झनु पर्छ।

(घ) **"जिल्लाअस्पताल / अन्य अस्पताल"** भन्नाले अनुसूची-३ मा उल्लेख भएका विकास समितिसँग सम्बद्ध अस्पताल सम्झनु पर्छ।

(ङ) **"पदाधिकारी"** भन्नाले सार्वजनिक निकायका उपकुलपति, शिक्षाध्यक्ष, डीन, निर्देशक, अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, कार्यकारी निर्देशक, रजिस्ट्रार, वा कार्यकारी प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"सम्बद्ध निकाय"** भन्नाले मन्त्रालय सम्बद्धसार्वजनिक निकाय सम्झनु पर्छ ।

(ज) **"सदस्य"** भन्नले सार्वजनिक निकायको सदस्यको पदमा नियुक्त वा मनोनयन भएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ।

(झ) "सम्बन्धित कानून" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने ऐन, नियम र गठन आदेश सम्झनु पर्छ ।

(ञ) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्वद्ध सरकारी, स्वायत्त निकाय, परिषद, प्रतिष्ठान, विकास समिति वा यस्तै अन्य संस्था सम्झनुपर्छ ।

(ट) "क्षेत्रीय/उपक्षेत्रीय/अंचलअस्पताल" भन्नाले अनुसूची-२ मा उल्लेख भएका विकास समितिसँग सम्बद्ध अस्पताल सम्झनु पर्छ।

३.<u>उमेर सम्बन्धी व्यवस्था:</u> सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अस्पताल विकास समितिको अध्यक्षको हकमा कम्तीमा तीस बर्ष र अन्य सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको पदमा नियुक्त वा मनोनीत हुन कम्तीमा पैंतीस बर्ष उमेर पूरा भएको हुनुपर्नेछ।

४.<u>पदाधिकारी तथा सदस्यको लागि योग्यता:</u> सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक देहायको सार्बजनिक निकायको पदाधिकारी तथा सदस्य पदमा नियुक्त वा मनोनीत हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) <u>नेपाल मेडिकल काउन्सिलका सदस्य र रजिष्ट्रारको हकमा</u>: (१) नेपाल मेडिकल काउन्सिल ऐन, २०२० (यसपछि ऐन भनिएको) को दफा ४ को खण्ड (ङ) बमोजिम उपभोक्तामध्येबाट मनोनीत हुने सदस्य पदका लागि मान्यताप्राप्त शिक्षण संस्थावाट कम्तीमा स्नातक उपाधि प्राप्त गरी उपभोक्ताको हकहित संरक्षण वा सम्बर्द्धनको क्षेत्रमा क्रियाशिल भएको हुनुपर्नेछ ।

(२) ऐनकोदफा ४ को खण्ड (ज) र (झ) बमोजिम नियुक्त हुने सदस्य पदका लागि सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्ष काम गरेको हुनुपर्नेछ ।

(३)ऐनको दफा १२ बमोजिम नियुक्त हुने रजिष्ट्रार पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमाकम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्ष काम गरेको वामन्त्रालय सम्बद्ध निकायको कम्तीमाआठौं तह वा सो सरहको पदमा कम्तीमा दश वर्ष काम गरेको हुनुपर्नेछ ।

(ख)<u>आयुर्वेद चिकित्सा परिषदका अध्यक्ष, सदस्य र रजिष्ट्रारको हकमा</u> : आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा २.३ बमोजिम मनोनीत हुने अध्यक्ष, पदेन सदस्य बाहेकका अन्य सदस्य र दफा ३.१ बमोजिम नियुक्त हुने रजिष्ट्रार पदका लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ:-

(१)अध्यक्षको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त तथा रजिष्टार र सदस्यको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता भएको,

(२)मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा आठौं तह वा सो सरहको पदमा रही अध्यक्ष पदको हकमा कम्तीमा दश वर्ष, रजिष्टारको हकमा कम्तीमा सात बर्ष र सदस्यको हकमा कम्तीमा पाँच बर्षकाम गरेको ।

ग)<u>नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पदाधिकारीको हकमा</u>: नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७ को उपदफा (१) को खण्ड (क) र (छ) बमोजिमका सदस्य पदमा मनोनीत हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(१)मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली वा आयुर्वेद चिकित्सा वा जनस्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(२) स्वास्थ्य अनुसन्धानका क्षेत्रमा Index Journal माकम्तीमा दुईवटा लेख प्रकाशित गरी स्वास्थ्य क्षेत्रसंग सम्बन्धित विषयमा कम्तीमा एउटा शोधपत्र प्रकाशित गरेको ।

(घ) <u>वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको हकमा</u>: वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०४९ को दफा ११ख. र११ग. बमोजिमको उपकुलपति, शिक्षाध्यक्ष र रजिष्टार पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(१) उपकुलपति र शिक्षाध्यक्षको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा एघारौं वा सो सरहको पदमा काम गरेको,

(२)रजिष्टारको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र,जनस्वास्थ्य, अस्पताल प्रशासन,व्यवस्थापनविषयमाकम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्ष काम गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र वा स्वास्थ्यसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा नवौं तह वा सो सरहको पदमा कामगरेको।

(ङ) <u>वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालका सदस्यको हकमा</u>: (१)वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३(यसपछि ऐन भनिएको) को दफा ७

को उपदफा (१) को खण्ड(च) र (छ) बमोजिम मनोनीत हुने सदस्य पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी क्यान्सर रोग सम्बन्धी क्षेत्रमाकम्तीमा दश वर्ष काम गरेको,

(२)ऐनको दफा ७को उपदफा (१)को खण्ड (ज) बमोजिम मनोनीत हुने सदस्य पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक उपाधि प्राप्त गरेको ।

(च) शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका पदाधिकारी र सदस्यको हकमाः शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७(यसपछि ऐन भनिएको) कोदफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत हुने सदस्य पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी हृदयरोग सम्बन्धी विषयमा विशेषज्ञता हासिल गरी सो विषयमाकम्तीमा दश वर्षको काम गरेको,

(२) ऐनकोदफा ७ को उपदफा(१)को खण्ड(छ) बमोजिमका सदस्य पदका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक उपाधि प्राप्त गरेको,

(३)ऐनको दफा ११ बमोजिम नियुक्त हुने कार्यकारी निर्देशक पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी हृदयरोग सम्बन्धी विषयमा विशेषज्ञता हासिल गरी सो विषयमा कम्तीमा दश वर्ष काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा नवौं तह वा सो सरहको पदमा हृदय रोग सम्बन्धी क्षेत्रमाकम्तीमा दश वर्ष काम गरेको ।

(छ) नेपाल फार्मेसी परिषदका पदाधिकारी र सदस्यको हकमाः (१)नेपाल फार्मेसी परिषद् ऐन, २०५७(यसपछि ऐन भनिएको)को दफा ५ को उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिमको सदस्य पदमा मनोनीत हुनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भई कम्तीमा दश वर्षको काम गरेको,

(२)ऐनकोदफा २६ बमोजिम रजिष्टार पदको लागि नियुक्त हुन वा तोकिन फार्मेसी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको काम गरीसम्बन्धित परिषद्मा दर्ता भएको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा आठौं तह वा सो सरहको पदमाकम्तीमा दश वर्ष काम गरेको ।

(ज) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका पदाधिकारी र सदस्यको हकमाः (१) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३(यसपछि ऐन भनिएको) को दफा ७ को उपदफा (१)

को खण्ड (ध) बमोजिमको सदस्य पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक उपाधि प्राप्त गरेको ।

(२)ऐनको दफा १८ बमोजिम उपकुलपतिको पदमा नियुक्त हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा एघारौं तह वा सो सरहको पदमा काम गरेको ।

(झ) <u>पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानकापदाधिकारीको हकमा</u>ः पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २०, २१, २२, २३ र २४ बमोजिम उपकुलपति, शिक्षाध्यक्ष, डीन, रजिष्ट्रार र निर्देशकको पदमा नियुक्तिका लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछः-

(१)उपकुलपति र शिक्षाध्यक्षका हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा एघारौं तह वा सो सरहको पदमा काम गरेको,

(२) डीनका हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा सह-प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दशौंतह वा सो सरहको पदमा काम गरेको,

(३) निर्देशक र रजिष्टारको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र,जनस्वास्थ्य, अस्पताल प्रशासन,वा व्यवस्थापनविषयमाकम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको काम गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र वा जनस्वास्थ्यसँग सम्बन्धित विषयमाकम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा नवौं तह वा सो सरहको पदमा काम गरेको।

(ञ) <u>कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको हकमा</u>ः कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा २०, २१, २२, २३ र २४ बमोजिमको उपकुलपति, शिक्षाध्यक्ष, डीन, रजिष्टार र निर्देशकको पदमा नियुक्त वा मनोनीत हुनदेहाय बमोजिम योग्यता हुनुपर्नेछः-

(१) उपकुलपति,शिक्षाध्यक्ष र डीनको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा सह-प्रध्यापक वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको,

(२) रजिष्टारको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको,

(३)निर्देशकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र,जनस्वास्थ्य, अस्पताल प्रशासनवा व्यवस्थापनविषयमाकम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमाकम्तीमा पाँच बर्ष काम गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र वा जनस्वास्थ्यसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा नवौं तह वा सरहको पदमा काम गरेको।

(ट) <u>पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको हकमा</u>ः पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को दफा ७ बमोजिम पदेन सदस्य वाहेकका सदस्य र दफा २०, २१ र २२ बमोजिमको पदमा नियुक्तिको लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछः-

(१)उपकुलपतिको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायमाकम्तीमा एघारौं तह वा सो सरहको पदमा काम गरेको,

(२) डीनको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा सह-प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायको कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको,

(३)निर्देशकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र,जनस्वास्थ्य, अस्पताल प्रशासन, वाव्यवस्थापनविषयमाकम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमाकम्तीमा दश बर्षकाम गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र वा स्वास्थ्यसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा नवौं तह वा सो सरहको पदमा काम गरेको।

(ठ) <u>नेपाल नर्सिङ परिषद्का पदाधिकारी र सदस्यको हकमा</u>ः(१)नेपाल नर्सिङ परिषद् ऐन, २०५२(यसपछि ऐन भनिएको) को दफा ५ को उपदफा(१) कोखण्ड (ज) बमोजिमको सदस्य पदमामनोनीत हुननर्सिङ विषयमाकम्तीमा स्नातक उपाधि प्राप्त गरी मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दश वर्ष काम गरेको,

(२) ऐनको दफा ५ को उपदफा(१)कोखण्ड (ट) बमोजिमको सदस्य पदमामनोनीत हुनमान्यताप्राप्त शिक्षण संस्थावाट कम्तीमा स्नातक उपाधि प्राप्त गरी उपभोक्ताको हकहित संरक्षण वा सम्बर्द्धनको क्षेत्रमा क्रियाशील रहेको ।

(ड) <u>सिंहदरबार बैद्यखाना विकास समितिका पदाधिकारी र सदस्यको हकमा</u>:सिंहदरबार बैद्यखाना विकास समिति (गठन) आदेश, २०५१ को दफा ३ उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्ष र खण्ड (झ) बमोजिमका सदस्यको पदमा मनोनीत हुन देहाय बमोजिम योग्यता पुगेको हुनुपर्नेछः-

(१)अध्यक्षको हकमा मन्त्रालय सम्बद्ध निकायको कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको,

(२) सदस्यको हकमा आयुर्वेद चिकित्साको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको ।

(ढ) <u>राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्रको पदाधिकारी र सदस्यको हकमा</u>ःराष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम विकास समिति (गठन) आदेश,२०६९ बमोजिम मनोनीतवा नियुक्त हुने पदाधिकारी तथा सदस्य पदमा नियुक्ति वा मनोनयन हुन देहाय बमोजिम योग्यता हुनुपर्नेछः-

(१) दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमअध्यक्षको पदमा मनोनीत हुन आयुर्वेद चिकित्सा क्षेत्र वा तालीमसँग सम्बन्धित विषयमा कम्तीमा एउटा शोधपत्र र Index Journal मा एउटा लेख प्रकाशित गरीमन्त्रालय सम्बद्ध निकायमा कम्तीमा आठौं तह वा सो सरहको पदमा कम्तीमा पाँच बर्ष काम गरेको,

(२) दफा ३ को उपदफा(२) को खण्ड (ङ) बमोजिमका सदस्यको हकमा अनुसन्धान वा तालीमको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको ।

(त) <u>केन्द्रीय अस्पतालहरुका पदाधिकारी तथा सदस्यको हकमा</u>:(१) केन्द्रीय अस्पतालको अध्यक्ष पदमा नियुक्त वा मनोनीत हुनको लागिसम्बन्धित कानूनमा कुनै खास योग्यता उल्लेख भएकोमा वाहेक मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनु पर्नेछ,

(२) केन्द्रीय अस्पतालहरुमा मनोनीत हुने सदस्य पदका लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछः-

(क) स्वास्थ्यकर्मी तथा नर्सिङ्गसँग सम्बन्धितसदस्यको हकमा सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी मन्त्रालय सम्बद्ध निकायकोकम्तीमाछैटौं तह वा सो सरहको पदमा काम गरेको,

(ख)लब्ध प्रतिष्ठित समाजसेवी मध्येबाट मनोनीत हुने सदस्यको हकमा मान्यता प्राप्त शिक्षण संस्थाको हकमा कुनै विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको।

(थ) <u>क्षेत्रीय/उपक्षेत्रीय/अंचल अस्पतालहरुका पदाधिकारी र सदस्यको हकमा</u>: क्षेत्रीय/ उपक्षेत्रीय/ अंचल अस्पतालहरुमा नियुक्त वा मनोनीत हुने पदाधिकारी वा सदस्य पदको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(१) सम्बन्धित कानूनमा कुनै खास योग्यता उल्लेख भएकोमा वाहेक मान्यता प्राप्त शिक्षण संस्थावाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(२) लब्धप्रतिष्ठित समाजसेवीहरुमध्येबाट मनोनीत हुने सदस्यको हकमा मान्यताप्राप्त शिक्षण संस्थावाट कुनै विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको ।

(द) <u>जिल्ला/अन्य अस्पतालहरुका पदाधिकारीको हकमा</u> :जिल्ला अस्पतालहरुका पदाधिकारीको पदमा नियुक्त वा मनोनीत हुन सम्बन्धित कानूनमा कुनै खास योग्यता उल्लेख भएकोमा वाहेक मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको हुनुपर्नेछ ।

५.<u>नियुक्ति वा मनोनयनको लागि अयोग्यता</u>:देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क)गैर नेपाली नागरिक,

(ख)भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधिको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग)प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ)कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ)सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा संझौता गरी काम गर्दै आएको,

(च)मानसिक सन्तुलन ठीक नभएको ।

६.<u>नियुक्ति वा मनोनयन नगरिने</u>: (१)मन्त्रालय सम्बद्ध नियमनकारी निकायले नियमन गर्ने स्वास्थ्य वा शिक्षण संस्थामा बहाल रहेको कार्यकारी प्रमुख, सञ्चालक, पदाधिकारी, सदस्य वा त्यस्तो संस्थाको निर्णायक भूमिकामा रहेको व्यक्तिलाई त्यस्तो नियमनकारी निकायको पदाधिकारी वा सदस्यमा नियुक्ति वा मनोनयन गरिने छैन ।

(२) निजी वा गैरसरकारी क्षेत्रबाट सञ्चालित स्वास्थ्यसंग सम्बन्धित शिक्षण संस्था, अस्पताल, फार्मेसी क्लिनिक वा प्रयोगशालामा वहाल रहेका कार्यकारी प्रमुख, सञ्चालक, पदाधिकारी, सदस्य वा त्यस्तो संस्थाको निर्णायक भूमिकामा रहेको व्यक्तिलाई विकास समितिको पदाधिकारी वा सदस्यमा नियुक्ति वा मनोनयन गरिने छैन ।

७. <u>पदावधिः</u> सम्बन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यको पदावधितीन बर्ष हुनेछ ।

८. <u>पद रिक्त हुने अवस्थाः</u>सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पदाधिकारी तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः-

(क)निजले उक्त पदबाट राजीनामा दिएमा,

(ख)निजको पदावधि समाप्त भएमा,

(ग)दफा ५ र ६ बमोजिम अयोग्य भएमा,

(घ)कार्यक्षमताको अभाव, खराब आचरण वा ईमानदारितापूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(ङ)निजको मृत्यु भएमा ।

९. <u>नियुक्ति वा मनोनयनको प्रकृया</u>:(१) सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनमन्त्रालयले निधार्रण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा नियुक्ति वा मनोनयन गर्दा मन्त्रालयले छुट्टै कार्यविधि बनाई प्रतिस्पर्धाको आधारमा नियुक्ति वा मनोनयन गर्नुपर्नेछ ।

१०. <u>कार्य सम्पादन करार गर्नुपर्नेः</u> (१) कार्यकारी प्रमुखले निज नियुक्ति वा मनोनयन भएको मितिले तीस दिनभित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी प्रमुखले पूरा गर्नुपर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

(ग) खण्ड (क) र (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्यांकनको संयन्त्र,

(ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा,

(च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले तोकेको मूल्याङ्कन समितिले प्रत्येक तीन महिनामा मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा समितिले कार्यकारी प्रमुखले गरेको कार्यसम्पादन स्तर निर्धारण गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। यसका लागि समितिले आवश्यकता अनुसार सम्बन्धित बिषय विज्ञको समेत सहयोग लिन सक्नेछ।

(५) उपदफा (३) बमोजिमको मूल्याङ्कनमा कार्यसम्पादनको स्तर पचास प्रतिशत भन्दा कम हुने कार्यकारी प्रमुखलाई अख्तियारवालाले उक्त पदबाट हटाउने आधार बनाउन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी प्रमुखको कार्यसम्पादन करार, सेवाबाट हटाउने सम्बन्धी व्यवस्था प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

११. <u>मापदण्ड लागू नहुने:</u> यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयबाट सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्य वा अन्य निकाय वा संस्थाबाट प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्यको हकमा यो मापदण्ड लागू हुने छैन।

१२. <u>पारिश्रमिक तथा सुविधानपाउने:</u> सार्वजनिक निकायमा नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यले सम्बन्धित कानूनमा उल्लेख भए बाहेकको कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

१३. <u>दोहोरो सुविधा लिन नहुने:</u> यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालीन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउनेछ ।

१४. <u>दोहोरो नियुक्ति वा मनोनयन गर्न नहुने:</u>कुनै पनि व्यक्ति एकै समयमा एक भन्दा बढि सार्वजनिक निकायको पदमा नियुक्त वा मनोनीत हुन सक्ने छैन ।

तर पदेन सदस्यको हकमा सो व्यवस्था लागु हुने छैन ।

१५. <u>बाझिएमा गर्ने:</u> यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

१६. <u>बचाउः</u> यो मापदण्ड लागू हुनुपूर्व कानून वमोजिम नियुक्त वा मनोनीत भई सार्वजनिक निकायको पदमा वहाल रहेका पदाधिकारी तथा सदस्यहरु यसै मापदण्ड बमोजिम नियुक्त वा मनोनीत भएको मानिनेछ।

<u>अनुसूची -१</u>

(दफा २ को खण्ड (ग) सँग सम्बन्धित )

<u>केन्द्रीय अस्पतालहरू</u>

(१) कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४०

(२) परोपकार प्रसुति तथा स्त्रीराग अस्पताल विकास समिति (गठन) आदेश, २०४६

(३) शुक्रराज ट्रपिकल तथा सरूवाराग अस्पताल विकास समिति (गठन) आदेश, २०४९

(४) मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(५) नरदेवी अयुर्वेद चिकित्सालय विकास समिति (गठन) आदेश, २०५९

## अनुसूची -२

### (दफा २ को खण्ड (ट) सँग सम्बन्धित)

### क्षेत्रीय/उपक्षेत्रीय/अंचल अस्पतालहरु

(१) नारायणी उपक्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०४९

(२) भेरी अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४१

(३) कोशी अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४३

(४) मेची अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

(५) गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

(६) जनकपुर अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

(७) लुम्बिनी अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

(८० सेती अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

(९० महाकाली अंचल अस्पताल विकास समिति ९गठन० आदेश, २०४५

(१०) हेटौंडा अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(११) भरतपुर अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(१२) भक्तपुर अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(१३) डडेल्धुरा अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(१४) राप्ती उपक्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०६८

(१५) राप्ती अंचल अस्पताल विकास समिति (गठन) आदेश, २०६८

(१६) धौलागिरी अंचल अस्पताल विकास समिति (गठन) आदेश,

(१७)मध्यपश्चिमाञ्चल आयुर्वेद चिकित्सालय विजौरी, दाङ

(१८)मध्यपश्चिम क्षेत्रीय अस्पताल, सुर्खेत

## अनुसूची -३

(दफा २ को खण्ड (घ) सँग सम्बन्धित)

### जिल्ला अस्पताल तथा अन्य अस्पताल

(१)धनकुटा अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(२) इनरुवा अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(३) जलेश्वर अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(४) गौर अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(५) भैरहवा अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(६) दमौली अस्पताल विकास समिति (गठन) आदेश, २०५९

(७) ईलाम अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(८) मलंगवा अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(९) परासी अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(१०) तम्घास अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(११) तौलिहवा अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(१२) गुलरिया अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(१३) कलैया अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(१४) पाँचथर अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(१५) खाँदबारी अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(१६) फाप्लु अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(१७) दिक्तेल अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(१८) सिन्धुली अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(१९) रसुवा अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२०) मनाङ्ग अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२१) सन्धिखर्क अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२२) जोमसोम अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२३) रुकुम अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२४) दैलेख अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२५) मंगलसेन अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२६) डोटी अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२७) म्याग्दी अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२८) उदयपुर अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(२९) प्युठान अस्पताल विकास समिति (गठन) आदेश, २०६२

(३०) बैतडी अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३१) बझाङ्ग अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३२) बाजुरा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३३) चौतारा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३४) दार्चुला अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३५) धादिङ्ग अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३६) डोल्पा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३७) गोरखा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३८) हुम्ला अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(३९) जाजरकोट अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४०) कालिकोट अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४१) मुगु अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४२) ओखलढुंगा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४३) पाल्पा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४४) पर्वत अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४५) रामेछाप अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४६) रोल्पा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४७) सल्यान अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४८) स्याङ्गजा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(४९) सिराहा अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५०) तप्लेजुङ्ग अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५१) तेह्रथुम अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५२) त्रिशुली अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५३) भोजपुर अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५४) टिकापुर अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(५५) लाहान अस्पताल विकास समिति (गठन) आदेश, २०६०

(५६) कटारी अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५७) पोखरिया अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५८) शिवराज अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(५९) रंगेली अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(६०) बन्दीपुर अस्पताल विकास समिति (गठन) आदेश, २०६९

(६१)बकुल्लर रत्ननगर अस्पताल चितवन

(६२)पिपरा अस्पताल कपिलवस्तु

(६३)चन्द्रनिगाहपुर अस्पताल रौतहट

(६४)सुन्दरवजार अस्पताल स्याङ्जा

(६५)मंगलवारे अस्पताल मोरङ

(६६)चापाकोट अस्पताल स्याङ्जा

(६७) शिशुवा अस्पताल कास्की

(६८) मातृशिसु मितेरी अस्पताल कास्की

(६९)पोखरिया अस्पताल पर्सा

(७०) वर्दिवास अस्पताल महोत्तरी

(७१)मेहलकुना अस्पताल सुर्खेत

(७२)दुल्लु अस्पताल दैलेख

(७२) रामपुर अस्पताल पाल्पा